आज मिति २०७९ जेष्ठ १७ गते मंगलवारका दिन यस टोखा नगरपालिकाका नगर-प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको ८३ औं कार्यपालिका वैठकमा देहाय वमोजिमको उपस्थित रह्यो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शंकरराज पाठक | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |

निर्णयहरुः-

१. नगरकार्यपालिकाको ८२ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको वारेमा छलफल तथा समिक्षा गरियो ।

२. तपशिलका सदस्य सम्मिलित विषयगत समितिहरु गठन गर्ने,

**आर्थिक विकास समितिः** (कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र)

संयोजकः- रमेश कुमार लामिछाने
सदस्यः- मचाकाजी महर्जन
सदस्यः- सरिता घले
सदस्य सचिवः- शाखा प्रमुख

**सामाजिक विकास समितिः** ( शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण ( विधायन समिति))

संयोजकः- सायरा परियार
सदस्यः- शान्ता खनाल
सदस्यः- प्रेम कुमार सुनुवार
सदस्य सचिवः- शाखा प्रमुख

**पूर्वाधार विकास समितिः** (सडक, पुल तथा झोलुंगे पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक उर्जा, संचार)

संयोजकः- धर्मेन्द्र श्रेष्ठ(२)
सदस्यः- धर्मेन्द्र श्रेष्ठ(४)
सदस्यः- जगतमाया प्रजापति महर्जन
सदस्य सचिवः- शाखा प्रमुख

**वातावरण तथा विपद व्यवस्थापन समितिः** (वन तथा भु–संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन)

संयोजकः- नरोत्तम राना
सदस्यः- रमेश खत्री
सदस्यः- शान्ता राई
सदस्य सचिवः- शाखा प्रमुख

**संस्थागत विकास तथा सेवा प्रवाह समितिः**-( सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रवर्धन)

संयोजकः- वच्चुराज वस्याल

सदस्यः- लिलादेवी अधिकारी

सदस्यः- सुनिता श्रेष्ठ परियार नेपाली

सदस्य सचिवः- शाखा प्रमुख

३. यस नगरपालिकाको आगामी आ.ब.२०७९/८० को नीति तथा कार्यक्रम तर्जुमा गर्नको लागि नगरपालिका क्षेत्रमा वसोवास गरि वस्ने विभिन्न क्षेत्रका विज्ञहरुको राय,सल्लाह तथा सुझाव संकलन गरी नीति तथा कार्यक्रमलाई थप व्यवस्थित वनाउन प्रत्येक वडाबाट १०/१० जना विज्ञहरुको नाम २०७९/२/१८ गते भित्र वडा कार्यालयले नगरपालिकामा पठाउने एवं उक्त नीति तथा कार्यक्रम तर्जुमाको लागि मिति २०७९/२/३० भित्र ईमेल,टेलिफोन तथा पत्राचार मार्फत सल्लाह र सुझावहरु नगरपालिकालाई उपलव्ध गराउन सार्वजनिक सूचना मार्फत नगरवासीहरुलाई अनुरोध गर्ने ।

४. निर्णय नं. ३ अनुसारको कार्यको लागि विज्ञहरुको समुहगत भेला मिति २०७९/२/२१ र २२ गते वडा ३ स्थित सद्भभाव पाटी प्यालेसमा नगरपालिकाले आयोजना गर्ने । उक्त भेलामा निर्माणाधिन आवधिक योजनाको परामर्शदातालाई समेत सहभागि गराउने ।

५. आगामी आ.ब २०७९/८० को लागि वस्ती,टोलवाट आयोजना तथा कार्यक्रम छनौट गर्न सो योजनाहरुको अनुमानित लागत तयारीको लागि २३, २४ र २५ गते प्राविधिकहरु हरेक वडाको टोलहरुमा प्रतिनिधिहरु संगै फिल्डमा खटाउने ।

६. नगरपालिका क्षेत्र भित्र संचालन हुने सार्वजनिक यातायातहरुलाई व्यवस्थित रुपमा संचालन गर्न यातायात व्यबसायीहरुसंग समन्वय गरी ट्राफिक व्यवस्थापनको लागि सार्वजनिक सवारी रोक्ने स्टेशन( यात्रु चढ्ने र ओराल्ने मात्र) ट्राफिक प्रहरीको समन्वयमा एकिन गरी जानकारी मूलक वोर्डहरु राख्ने ।

७. नगरपालिका क्षेत्रमा संचालनमा रहेको स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी वनाउन स्वास्थ्य वीमा दर्ता सहयोगीहरुको लागि प्रति महिना प्रति दर्ता सहयोगी संचार खर्च वापत रु ५००/- उपलव्ध गराउने ।

८. टोखा नगरपालिका भित्र मिट मार्ट स्थापनाको लागि संघीय सरकारको ससर्त अनुदानमा उल्लेख भएको सर्त अनुसार सार्वजनिक सूचना मार्फत प्रस्ताव माग गरिएकोमा प्राप्त ४ वटा प्रस्तावहरु मध्ये वडा नं. ८ स्थित MT Agro Mart मात्र मिट मार्ट संचालनको लागि मूल्याङ्कन सफल भएको व्यहोरा पेश हुन आएकोले उक्त MT Agro Mart संग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

९. वडा नं. ११ को वानियाँटार जाने विष्णुमतिपुलवाट फ्लोरोसेन्ट स्कुल अगाडिको सडकमा सडक पक्की गर्नु अगावै खानेपानी पाईपलाईन विस्तार कार्यको लागि आवश्यक वजेट विनियोजन गर्ने । साथै वानियाँटार जाने विष्णुमति पुलको पूर्व तर्फ रिटेनिङ्गवाल भत्किन गएकोले **विष्णुमति/ साङ्लेखोला लगायतका नदी नियन्त्रण रिटेनिङ्ग वाल (विभिन्न स्थानमा)** शिर्षकवाट लागत अनुमान अनुसारको वजेट विनियोजन गरि तत्काल कार्य अगाडि वढाउने ।

१०.टोखा नगरपालिका वडा नं. ८ मा रहेको गोगंवुँ स्वास्थ्य चौकीको कार्यालय भवन निर्माणको लागि जग्गा उपलव्ध गराउन साविक गोगंवुँ गा.वि.स वडा नं. ३ को जालुपा चोक हालको वडा नं. ८ को वडा कार्यालय संगै रहेको कम्तिमा ०-९-०-० सार्वजनिक पर्ती जग्गा गोगंवुँ स्वास्थ्य चौकीको नाममा नियमानुसार भोगाधिकार उपलव्ध गराउन प्रकृया अगाडि वढाउने ।

११.टोखा नगरपालिका क्षेत्रमा निजीस्तरमा संचालन हुने स्वास्थ्य संस्थाहरु दर्ताको लागि आवेदन भएमा टोखा नगरपालिकाको स्थानीय कार्यविधि तयार नहुदाँ सम्म संघीय ऐन, नियम अनुसारको प्रकृया पुरा गरी दर्ता अनुमति दिने ।

१२.वडा नं. १० स्थित शान्तिदीप उपभोक्ता समिति अन्तरगतको सडकमा ढल निकासको व्यवस्थापनको लागि पुर्वाधार शिर्षक सि.नं. २०८ वाट हुने गरी रु ३ लाख १० हजार विनियोजन गर्ने ।

१३.टोखा नगरपालिकाको आ.ब २०७६/७७ को ठेक्का नं. 045/NBC/TM/2076/77, निर्माणको चरणमा रहेको वडा नं. २ को सपनतिर्थ मन्दिर तथा सतल पुनःनिर्माणको कार्यको लागत अनुमानको समयमा आवश्यक आईटमहरु छुटभई भेरिएसन मार्फत थप कार्य गराउनु पर्ने भनि रु २२३६२५०.४९ को थप व्ययभार हुने गरी लागत अनुमान सहित स्वीकृतको लागि पेश भएकोमा थप व्ययभार पर्ने रकम आगामी नगरसभावाट विनियोजन गरी भुक्तानी गर्ने गरी भेरिएसन स्वीकृत गर्ने ।

१४.वागमती प्रदेश सरकारवाट आ.ब २०७७/७८ मा समपुरककोषमा वित्तिय हस्तान्तरण मार्फत निकासा भएको रकम मध्ये उक्त आ.बमा खर्च भई फिर्ता गर्न वाँकी रकम रु. ३७४८३३२/- संचित कोष खातावाट प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौडा मार्फत फिर्ता गर्ने ।